प्रमुख अतिथिज्यू,

विशिष्ट अतिथिज्यू, अतिथि गण,

विभिन्न विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

सहकर्मी कर्मचारी साथीहरु,

पत्रकार बन्धुहरु,

आदरणीय नगरवासी महानुभावहरु

कीर्तिपुर नगरपालिकाको २२ औं नगरपरिषद्को नीति तथा कार्यक्रम र निर्णय सार्वजनिकरण समुदघाटन तथा आगामी आ.व. २०७३/०७४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यस गरिमामय समारोहमा आ-आफ्ना कार्यव्यस्तताका बाबजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस परिषदलाई उच्च प्राथमिकता दिई उपस्थित हुनु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा कीर्तिपुर नगरपालिका कार्यालय तथा म मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

संस्कृति एवं कलाको धनी, विभिन्न मठ मन्दिर, गुम्वा, पार्क आदि भएको, यस नगरलाई समुन्नत बनाउन आगामी आ.व.२०७३/०७४ का लागि बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफैलाई गर्व महशुस भईरहेको छ । यस अवसरमा र्सवप्रथम म नेपाल र नेपालीको लोकतान्त्रिक अधिकार, जीवनस्तर सुधारका लागि आफ्नो प्राण आहुती गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

स्थानीय स्वायत शासन ऐन २०५५ ले विकेन्द्रीकरणको माध्यमबाट स्थानीय आवश्यकता पहिचान गर्ने, प्राप्त श्रोत साधनको अधिकतम प्रयोग गरी आ-आफ्ना आवश्यकता पूर्ति हुने गरी सञ्चालन गर्ने जिम्मेवारी स्थानीय निकायलाई दिएको छ । योजना छनौट एवं परिचालन गर्दा सहभागितात्मक पद्धति अवलम्बन गरी सबैलाई सहभागी हुने अवसर प्रदान गरेको छ । यति मात्र नभई महिला, वालवालिका, पिछडिएको समुदाय, आदिबासी, जनजाती लगायत विकासको मुलधारबाट टाढा रहेका जनसमुदायलाई प्राथमिकता दिइ विकासमा सहभागी हुन थप जोड समेत दिएको छ । वजेट विनियोजनमा समेत यस विषयलाई अनिवार्य ढंगले सम्वोधन गर्नु पर्ने वर्तमान प्रावधान प्रशंसनिय रहेकोछ ।

हाल स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि रहनु भएको छैन । यस नगरपालिका सञ्चालन गर्न, विधि निमार्ण एवं कार्यान्वयन गर्न सल्लाह र सहयोग गर्ने राजनैतिक दलको संयन्त्र पनि औपचारिक रुपमा खारेज भईसकेको छ । यस्तो कठीन अवस्थामा भर्खर जारी भएको नेपालको संविधान २०७२ मा नगरपालिकालाई सरकारका रुपमा उभ्याउने दिशामा अग्रसर हुनु आवश्यक देखिन्छ । यस परिस्थितिमा नगर परिषदमा कार्यक्रम तथा बजेट निर्माण गर्न वडाबासी, कर्मचारी, राजनैतिक दलहरु लगायत सबै नगरबासीहरुसँग छलफल गरी उहाँहरुको सक्रिय एवं गुणात्मक सहभागितात्मक पद्धतीबाट यो नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को योजना तर्जुमा एवं आयोजना छनौट सम्वन्धि व्यवस्था, न्युनतम शर्त तथा कार्यसम्पादन मुल्याङ्कन कार्यविधि, स्थानीय स्वायत शासन ऐन २०५५, स्थानीय स्वायत शासन नियमावली २०५६, स्थानीय आर्थिक प्रशासन नियमावली २०६९ र समय समयमा स्थानीय विकास मन्त्रालयबाट यस सम्वन्धी गरिएका परिपत्र समेतलाई यो नीति, कार्यक्रम तथा बजेट निर्माणको आधारका रुपमा लिइएको छ ।

सदाझै हामीलाई प्राप्त हुने सर्शत एवं निशर्त पूँजीगत अनुदान, स्थानीय विकास शुल्क(चालु र पुँजिगत), जगेडाकोष, नगर विकास कोष, सडक बोर्ड, मालपोत रजिष्ट्रेशन दस्तुर, दातृ निकायबाट प्राप्त हुन सक्ने रकम, आन्तरिक आय आदिको प्राप्त सिलिङ्ग एवं अनुमानका आधारमा यथासम्भव यर्थाथपरक हुने गरी बजेट तयार गरिएको छ ।

अव म यस २२ औं नगर परिषदले लिएका नीति तथा मुख्य मुख्य कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति माग्दछु ।

विकेन्द्रीकरणको मर्मलाई यर्थाथमै घरदैलोसम्म पुर्‍याउन सके सम्भाचो अर्थमा जनतासँग नगरपालिकाले विकास निर्माणको कार्यमा हातेमालो गरेको हुने यथार्थ बोध गरी वडा स्तरिय वजेट तथा वडावाट लक्षित वर्गका कार्यक्रमहरु छनौट गर्ने जिम्मेवारीमा वृद्धि गरिएको छ । योजनाहरु वडा भेलावाट प्रत्यक्ष रुपमा वडाबासीहरुबाटै छनौट गर्ने परिपाटीलाई निरन्तरता दिईएको छ । अन्य योजनाहरु छनौट गर्ने कार्यलाई पनि सम्भव भएसम्म वडा/टोल/बस्ती स्तरबाटै माग भई आएका योजनाहरु मध्येबाट प्राथमिकताक्रम निर्धारण गर्नुका साथै सकेसम्म सबै वडाहरुमा समानुपातिक रुपमा श्रोत बम्डफम्ड गर्ने प्रयास गरिएको छ । विकासमा पछि परेका वडाहरुलाई भने अरु सरह अघि वढाउन विशेष ध्यान दिने प्रयास गरिएको छ ।

सडक, पुलपुलेसा, शिक्षा, स्वास्थ्य, खानेपानी, ढलनिकास, पर्यटन विकास, अन्य पूर्वाधार विकास, सामाजिक संघसंस्था, धार्मिक पुरातात्विक ऐतिहासिक स्थल, सामुदायिक विकास, आय आर्जन तथा सीपमुलक दक्षता अभिवृद्धि कार्यक्रम, महिला लक्षित कायक्रम, वालवालिका लक्षित कायक्रम, पिछडिएको समुदाय उत्थान, आदिवासी जनजाती उत्थान, जनशक्ति विकास कार्यक्रम लगायत नगरका प्राय सबै क्षेत्र एवं समुदायलाई समेट्ने गरी बजेट तथा कार्यक्रम बनाउने प्रयास गरिएको छ ।

सरकारबाट प्राप्त बजेट बम्डफम्ड गर्नुपर्ने नीतिगत बाध्यात्मक व्यवस्था, बजेटको सीमितता आदि कारणले हाम्रो असीम इच्छा हुम्दाम्हुदै पनि कतिपय जनस्तरबाट छनौट भई आएका अत्यावश्यक योजनाहरु पनि नगरपालिकाको आफ्नो श्रोत र साधनले सञ्चालन गर्न सकिने अवस्था नभएकाले नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रममा समावेश गरिएको छैन । यसका लागि जिल्ला विकास समिति, विभिन्न मन्त्रालयहरु, दातृ निकायहरु तथा सरोकारवाला निकायहरुसंग अनुरोध गर्ने व्यवस्था मिलाइएको छ ।

हामीलाई प्राप्त सीमित श्रोतबाट एकै पटक सबै आवश्यकता पूरा गर्न सकिने अवस्था छैन । गत वैशाखको भूकम्प पश्चात् पूर्वाधार निर्माणमा झन वढी आवश्यकता थपिएको छ । सबै क्षेत्रमा एकै पटक हात हाल्दा प्राय सबै योजनाहरु अधुरा रहने हम्दा यसबाट नगरवासीले समयमै प्रतिफल पनि पाईरहेका छैनन् । कतिपय ठाँउमा ठूला आयोजनामा सानो सानो रकम लगानी गर्दा बालुवामा पानी हाले सरह भएको छ । प्राप्त श्रोतको महतम परिचालन गरी क्रमशः योजनाहरु सम्पन्न गर्दै त्यसबाट तत्कालै सेवा उपभोग गर्न पाउने अवस्था श्रृजना गर्न यो परिषद देखि सकेसम्म प्राप्त श्रोतलाई मुख्य मुख्य आवश्यकता पहिचान गरी एकै ठाँउमा लगानी गर्ने व्यवस्था लिईएको छ । यस्तो योजना पूरा गर्न नेपाल सरकारका सरोकारवाला निकाय र दातृ निकायहरुलाई पनि परिचालन गरी क्रमशः आत्मनिर्भर हम्दै जाने नीति लिईएको छ ।

२०५३ साल चैत्र १४ मा स्थापना भएको यस नगरपालिकाको हालसम्म आफ्नो कार्यालय भवन छैन । हाल कार्यालय सञ्चालन गरिरहेको ठाम्उमा कर्मचारी बस्नका लागि समेत ठाम्उ नपुगेकाले यसबाट सेवा प्रवाह समेत व्यवस्थितपूर्वक हुन सकिरहेको छैन । चालु तथा पुराना सवारी साधनहरु र यान्त्रिक उपकरणहरु राख्ने ठाउँ नहुँदा खुल्ला आकाश मुनि राखि राख्नु परेको छ । पुराना कागजात र फर्निचरहरुलाई यत्रतत्र राख्नु पर्ने बाध्यात्मक अवस्थाले कतिपय कागजात खोजेको बेलामा सहजै उपलब्ध गर्न समेत कठिनाई भईरहेको छ ।

भूकम्प पश्चात्को जटील परिस्थितिमा पनि नगरपालिकाको वडा नं. ३ स्थित कि.नं. २ र ३ क्षे.फ. ६४३.८० ब.मि. रहेको जग्गामा नगरपालिका कार्यालय भवन निर्माणको कार्य शुरु भएको छ । पहिलो चरणमा २ करोड ५० लाख वजेट खर्च गरी कार्यालय भवनको एक तल्ला निर्माण कार्य सम्पन्न भई सकेको छ । चालू आ.व.मा पनि त्यसको लागि विनियोजित २ करोड वजेटवाट निर्माण कार्य अघि वढाउन आवश्यक तयारी कार्य अघि वढि सकेको छ । चालू आ.व. मा थप श्रोत जुटाउन विशेष पहल गरिनेछ भने आगामि आ.व. २०७३।०७४ मा कार्यालय भवन निर्माण योजनालाई विशेष प्राथमिकता दिईनेछ ।

नेपाल सरकारवाट घोषित खुल्ला दिशा मुक्त क्षेत्र घोषणा कार्यक्रम सम्वन्धी तयारी कार्यलाई यस नगर क्षेत्रमा पनि तदारुकताका साथ अगाडि वढाईने छ । यसमा नेपाल सरकारको सम्वद्ध निकाय, गैर सरकारी संस्थाहरु संग समेत हातेमालो गरिनेछ ।

यस नगरपालिका भित्र जथाभावी बस्ती विकाससँगै वनजंगल तथा हरियाली मासिदै जान थालेकाले यसवाट नगरको सौन्दर्य, वातावरण संरक्षण लगायतमा नकारात्मक असर परी पानीका मूलहरु सुकी खानेपानीको अभाव झन बढ्न गएको छ भने कालान्तरमा मानवमैत्री वातावरण समेत कायम हुन नसक्ने अवस्था देखिएको छ । तत्काल नगरपालिका क्षेत्र भित्रको खानेपानी मुहान संरक्षण, नयाँ श्रोत पहिचान गरी पानी संकलन, वितरण प्रणालीमा सुधार, अनि संकलन क्षमतामा विस्तारका लागि स्थानीय राजनैतिक दल, नेतृत्व एवं विज्ञहरुको सहयोगमा कार्यान्वयनका लागि जारी पहलकदमीलाई टुंगोमा पुर्‍याईनेछ । त्यस्तै वडा नं ७ स्थित सिम झवाहिटी खानेपानी मुहान संरक्षण, सम्बर्द्धन र क्षमता अभिवृद्धि गर्न खानेपानी योजना संचालन गर्न नेपाल सरकार खानेपानी व्यवस्थापन वोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र यस नगरपालिका सहमत भै सो मध्ये जग्गा व्यवस्थापनका लागी नेपाल सरकार खानेपानी व्यवस्थापन वोर्डले रु ११ करोड २० लाख, काठमाडौं उपत्यका खानेपानी लिमिटेडले रु ४ करोड १० लाख र यस नगरपालिकाले रु २ करोड गरी कुल लागत रु १७ करोड ३० लाखको योजना कार्यान्वयनको प्रयास गरिनेछ । साथै नगर क्षेत्रको वातवरण संरक्षण गर्न बाटाका दाया¤ बाया¤ र सार्वजनिक स्थलहरुमा वृक्षारोपण, आकाशोपानी संकलन, घर नक्सा पास एवं पसल व्यावसाय दर्ता भूमिगत पानी संरक्षण एवं अभिवृद्धि संगै रुख हुर्काउने कार्य, सोलार जडान तपार्क, बगैंचा निर्माण जस्ता नगरको सौन्दर्य वृद्धि र वातावरण मैत्री कार्यक्रमहरु यहा¤का सामुदायिक वन उपभोक्ता समूहहरु, आमा समूह, महिला समूह, विभिन्न संघ संस्था, नगरवासी तथा अन्य दातृ निकायहरुसंग समेत सहकार्य गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

नगर क्षेत्र भित्र हुन सक्ने विपद्को न्यूनिकरण एवं विपद्बाट बच्न पूर्व तयारीका लागि गठित नगर तथा वडा स्तरीय विपद व्यवस्थापन समितिका कारण गत वैशाख १२ को भुकम्पका कारण धेरै प्रभावित वडाहरुमा तत्काल खोज, उद्धार एवं राहतका लागि आधारभूमि तयार भएको कुरा स्पष्ट नै छ । यस सन्दर्भमा नेपाल सरकार र सम्वद्ध दातृ निकायहरुवाट नगरपालिका क्षेत्रमा प्राप्त सहयोग अत्यन्त प्रशंसनिय रहेको छ । विपद् व्यवस्थापनको कार्यलाई थप व्यवस्थित र नगरस्तरीय विपद् व्यवस्थापन सम्वन्धि यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरुसंग साझेदारीमा काम गर्न न्युनतम रुपमा भएपनि लागत सहभागिताको व्यवस्था मिलाई विपद सम्वन्धी कोषलाई थप सवल वनाईने छ भने नगरवासीहरुको घर सार्वजनिक सम्पत्ती तथा सम्पदा पुनर्निमाणका लागि नेपाल सरकार, पुनर्निमाण प्राधिकरण एवं दातृ संस्था तथा निकायहरु संग थप समन्वय र सहकार्य गरिनेछ ।

प्राविधिक शिक्षालय स्थापना तथा संचालन, छात्रवृत्ति, रोजगारी, सुलभ दररेटमा सहज स्वास्थ उपचार सेवा लगायतका विषयमा नगरपालिका र त्रिभुवन विश्वविद्यालय तथा फेक्ट नेपाल वीच भएका संझौतालाई नगरवासीहरुको अधिकतम हितमा उपयोग गर्ने वातावरण निर्माण गरिनेछ ।

नगरपालिकाको आफ्नो साधन श्रोतवाट वारुण यन्त्र संचालन गर्न सम्भावना नभएको हुँदा सुरक्षा निकायबाट सञ्चालन गर्ने व्यवस्था मिलाई दिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग पुन : अनुरोध गरिनेछ भने सार्वजनिक यातायात, बारुण यन्त्र लगायतका आकस्मिक सेवा, फोहोरमैला लगायतका अत्यावश्यक सेवा जस्ता आधारभूत शहरी सेवा प्रवाहका लागि महानगरपालिका सहित उपत्यका भरका नगरपालिकाहरुको साझा न्यूनतम कार्यक्रम तय गरी अघि वढ्न भई रहेको तयारी कार्यमा क्रियाशिलता वढाईने छ ।

गत २० औं नगरपरिषद बैठकले विगतको सेवा शुल्क, कर, दस्तुरलाई सामाजिक न्यायको सिद्धान्त अनुकुल हुने गरी बैज्ञानिक बनाउन विभिन्न पक्षहरुसँग छलफल, दररेटहरुको अध्ययन, बिश्लेषण र पुनरावलोकन गरी सिफारिस गरेको सेवाशुल्क, कर, दस्तुरको दररेटमा बृद्धि नगरी आगामी आ.ब. ०७२/०७३ का लागि नगर स्तरीय राजश्व परामर्श समितिको सिफारीस समेतका आधारमा साविककै दररेट कायम गर्ने साथै करिव १५ बर्ष अघिदेखि स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम घरको मूल्याङ्कन एवं मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको यस नगरक्षेत्रको जग्गाको मूल्यको आधारमा जग्गाको मूल्याङ्कन गरी घर जग्गा कर निर्धारण र मालपोत कार्यालयले निर्धारण गरेको मूल्यकै आधारमा घरबाटो प्रमाणित एवं चारकिल्ला सिफारिस दस्तुर लिइदै आएकोमा आ.ब. २०७१/०७२ मा मालपोत कार्यालय कलंकीले यस नगर क्षेत्रका जग्गाहरुको मूल्य अनपेक्षित रुपमा बृद्धि गरेको र घरजग्गा कर सम्वन्धी

प्रचलित कानूनमा समय सापेक्ष सुधार नहुँदा घर जग्गा कर तथा घरबाटो प्रमाणित र चारकिल्ला सिफारिसको दस्तुरमा बृद्धि भै नगरवासीहरुले असहजता महशुस गरेको तथ्य र राजनैतिक दलहरुबाट यस सम्वन्धमा पूनर्विचार गर्न प्राप्त सुझावहरुलाई समेत मध्यनजर गरी नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को प्रावधान संशोधनका लागि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गरिएकोमा त्यसको सुनुवाई भएको छ । नियमावलीमा भएको सातौं संशोधनका आधारमा यसै २२ औं नगर परिषदको निर्णय वमोजिम आगामि आ.व.२०७३।०७४ वाट घरजग्गा कर निर्धारण तथा असुली कार्य प्रारम्भ गरिने छ ।

करको दर बढाउनु भन्दा पनि यसको दायरा फराकिलो पारी आय बृद्धि गर्ने नीति लिई घरदैलोमा कर्मचारी परिचालन गरी कर संकलन गर्ने कार्यलाई व्यापकता दिइनेछ । यसबाट नगरपालिकाको हालको आयमा उल्लेख्य बृद्धि हुने अपेक्षा गरिएको छ । कतिपय व्यवसाय/सेवाबाट नगरपालिकाले प्राप्त गर्नुपर्ने कर, दस्तुर, राजश्व नपाइरहेको भन्ने विभिन्न अध्ययनले समेत देखाएकाले यस आ.व.मा पनि कर संकलन गर्ने टोलीहरु खटाइ कर संकलन गर्ने कार्यलाई व्यापकता दिई करको दायरा फराकिलो पारी आन्तरिक आय वृद्धी गरी नगरपालिकालाई अत्मनिर्भर बनाउदै लैजाने नीति लिईएको छ । भूकम्प पिडित नगरवासीहरुलाई राहत स्वरुप नयाँ भवन निर्माण गर्दा नक्सा पास दस्तुरमा ६० प्रतिशत एवं मालपोत शुल्कमा शत प्रतिशत छुट दिने कार्यलाई जारी राखिनेछ ।

धार्मिक, पुरातात्विक एवं प्रचीन कला र संस्कृतिको उत्कृष्ट नमुनाको रुपमा रहेका ऐतिहासिक उमामहेश्वर, बाघ भैरव, विष्णुदेवी, नारायण मन्दिरको संरक्षण र सम्वर्द्धनका केहि कार्यहरु सम्पन्न भई सकेका छन् भने भूकम्पका कारण लिचन्चो विहार, आदीनाथ, जलविनायक एवं वालकुमारी मन्दिर तथा अन्य क्षति पुगेका सम्पदाहरुको तत्काल जिर्णोद्धार वा पुनर्निर्माणका लागि श्रोत जुटाउन आवश्यक पहलकदमी लिईने छ । यसले हाम्रो ऐतिहासिक धरोहरहरु संरक्षण हुनुका साथै तत् सम्पदालाई कीर्तिपुरको महत्वपूर्ण पर्यटकिय उपजका रुपमा स्थापित गर्न समेत सहयोग सहयोग पुग्नेछ ।

नेपालको ऐतिहासिक शहरको रुपमा रहेको यो शहर पर्यटकहरुका लागि एउटा उत्कृष्ट गन्तव्य हुनसक्छ । यसका लागि नेपालका प्रमुख पर्यटक स्थलहरुको सूचीमा कीर्तिपुरलाई पनि समाबेश गरी पर्यटकहरुको नेपालको प्याकेजमा कीर्तिपुरलाई पनि राष्ट्रिय रुपमै समावेश गर्ने व्यवस्थाका लागि नेपाल पर्यटन वोर्ड, पर्यटन संग सम्वद्ध संघ, संस्थाहरु, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गरिनेछ । यस नगरपालिकाको दीर्घकालीन राजश्वको श्रोतको खोजी/अध्ययन गर्दा प्रभावकारी श्रोतको रुपमा पर्यटन व्यवसाय देखिएकाले आगामी आ. व. देखि पर्यटकीय क्षेत्रहरुमा शौचालय, पानी, सरसफाई, पर्यटन सूचना केन्द्र, जानकारीमुलक पुस्तिका लगायत न्यूनतम पूर्वाधारको विकास गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्वीकृत लिई नगरपालिकाको प्रवेश विन्दुको उपयुक्त ठाउ¤मा नै मित्र राष्ट् चिन, सार्क अन्य मुलुकका पर्यटकहरुका लागि प्रवेश शुल्क लगाई नगरपालिकाको आय आर्जन गर्ने कार्यको थालनी गर्ने नीति लिइएको छ ।

घरवस्तीवाट फोहरमैला संकलन एवं विसर्जन गर्ने कार्य परम्परागत रुपमा नगरपालिकाले नीजि क्षेत्रको सहकारी/साझेदारीमा गर्दै आएकोमा सार्वजनिक रुपमा आव्हान गरी खुल्ला प्रतिस्पर्धावाट गराउने कार्य शुरु भई सकेको छ । यसबाट फोहरमैला संकलन एवं विसर्जन कार्य व्यवस्थित र भरपर्दो हुने छ ।

शहरको जनसंख्या र जनघनत्व वृद्धिसंगै बसोबासलाई व्यवस्थित गर्न वाहिरी चक्रपथ निमार्ण, सडक गुरुयोजना, आवधिक योजना, पर्यटन गुरुयोजना, वैकल्पिक उर्जा, उन्नत कृषि प्रविधि आदिमा पनि श्रोतले धानेसम्म नगरपालिका स्वयंले र थप आर्थिक एवं प्राविधिक सहयोगका लागि सघींय मामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक योजना मन्त्रालय, दातृ निकाय, गैर सरकारी संस्थाहरु लगायत सम्बन्धित निकायमा अनुरोध गर्ने नीति लिईएको छ ।

हाल कार्यरत जनशक्तिलाई बदलिदो समयानुकूल विज्ञान र प्रविधिको क्षेत्रमा दक्षता अभिवृद्धि गराउन नसके यसबाट नगरपालिकाको सेवा प्रवाहमा छिटो, छरितो एवं गुणात्मक विकास हुन नसक्ने यथार्थतालाइ महशुस गरी आवश्यक तालिम, क्षमता सहितको जनशक्ति र आवश्यक सफ्टवेयर प्रयोग तथा विकासका लागि आवश्यक व्यवस्था गरिने छ । यसबाट जनताले पाइरहेको सेवा सुविधामा सरलीकरण एवं गुणस्तरमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

स्थानीय सरकारको अवधारणा अनुसार यहाँको आवश्यकता परिपूर्ति गर्नका लागि सदैव अरुको मुख ताक्ने प्रवृत्तिले मात्र हामी आत्मनिर्भर हुन नसक्ने, देश संघीयतामा गई सकेको यस घडीमा थप राजश्वका श्रोतहरुको पहिचान गरी आत्मनिर्भर उन्मुख हुन नयाँ राजश्वका श्रोतहरुको खोजी गरी परिचालन गरीनु अत्यावश्यक भएकाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग सहयोग लिई आन्तरिक राजश्वका श्रोतहरुको अध्ययन गर्ने व्यवस्था मिलाई दिन अनुरोध गरिने छ ।

विकास निर्माण लगायत सम्पूर्ण काममा सबै पक्षको सक्रिय सहभागिता भए मात्र अपेक्षाकृत यसले गति लिन सक्छ । निरन्तर इमान्दार र लगनशील रुपमा काम गर्ने कर्मचारीलाई हौसला प्रदान गर्न सके यसबाट उनीहरुको जोश जागरमा वृद्धि भई समग्र रुपमा नगरपालिकाकै काम कारवाहीमा सकारात्मक परिवर्तन आउने हुँदा यसै आर्थिक बर्षदेखि उत्कृष्ट काम गर्ने कर्मचारी छनोट गरी पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

यस नगरपालिकाको दैनिक कार्य सञ्चालन गर्नका लागि हाल भईरहेको जनशक्ति पर्याप्त छैन । यसअघिको संगठन संरचनामा भएको कर्मचारी व्यवस्था, हालको जनसंख्या बृद्धि र बस्ती विकाससंगै अपुग भएको छ । अर्को संगठन संरचना तयार गरी कर्मचारी व्यवस्थापन नभएसम्मका लागि अतिरिक्त समयमा समेत कर्मचारी परिचालन गर्नका लागि आवश्यक व्यवस्था मिलाइने नीति लिईएको छ ।

यस नगरपालिकाले परम्परागत नगदमा आधारित पद्धतीबाट लेखा प्रणाली व्यवस्थापन गर्दै आएकोमा बदलिंदो परिवेशमा समयानुकूल बनाउन प्रोद्भावी लेखा प्रणाली अवलम्बन गर्न गत नगरपरिषद्बाट शुभारम्भ गरिएको कार्यको यस बर्ष सम्पन्न भई बांकी रहेका कामहरु आगामी बर्षमा पनि निरन्तरता दिइ सम्पन्न गर्ने नीति लिइएकोछ ।

विकासमा सञ्चारको महत्वपूर्ण भूमिका रहन्छ । हाम्रा हरेक गतिविधिको नगरवासीहरुमा निष्पक्ष सन्देश प्रवाह गरी निष्पक्षता, पारदर्शितां एवं गुणस्तरीयता कायम गर्न हाम्रा हरेक गतिविधिहरुमा निरन्तर सहयात्री हुन न्युनतम रुपमा भएपनि विकासमा सञ्चार नाममा बजेट विनियोजन गरिएको छ । नगरपालिकाको वेभसाईट, अफिसियल फेसबुक पेज नियमित रुपमा अद्यावधिक राखिएको छ भने नेपाल टेलिकमवाट ग्रुप एसएमएस (SMS) सेवा पनि लिईएको छ ।

सुरक्षाको प्रत्याभूति विना विकासको परिकल्पनासम्म पनि गर्न नसकिने, विकास र सुरक्षा संगसंगै लैजानु पर्ने अनिवार्य देखिएको हुँदा विकासात्मक कार्यलाई सहयोग पुर्याउन *विकासमा सुरक्षा* शीर्षकमा बजेट विनियोजन गरिएको छ ।

देशकै सबैभन्दा जेठो र ठूलो त्रिभुवन विश्वविद्यालय यसै कीर्तिपुर नगरपालिकाभित्र रहेको छ । स्थानीय सरकारको अवधारणा अनुसार नगरका सबै निकायहरुमा नगरपालिकाको प्रतिनिधित्व रहने कानुनी व्यवस्था छ । यस नगरमा सञ्चालित सबै निकायहरुमा नगरपालिकाको प्रतिनिधित्व हुने ब्यवस्था भएबाट ती निकायहरुले सञ्चालन गर्ने विभिन्न क्रियाकलापहरुका बारेमा नगरपालिकालाई जानकारी हुने, कतिपय विषयमा समन्वय/सहकार्य समेत हुने/गर्ने गरिएको छ । त्रिभुवन विश्वविद्यालय सभामा नगरपालिकाको प्रमुख पदेन सदस्य रहने व्यवस्था हुनु उल्लेखित दुवै निकायका लागि आवश्यक देखिएकाले सो सभामा यस कीर्तिपुर नगरपालिकाका प्रमुख पदेन सदस्य हुने व्यवस्था मिलाइदिनका लागि त्रिभुवन विश्वविद्यालयसंग अनुरोध गरिएकोमा त्यसका लागि भएको सहमति कार्यान्वयनका लागि प्रयास गरिनेछ ।

पर्यटन गुरु योजना तयारीका लागि नेपाल पर्यटन वोर्डसंग सम्झौता भई सहकार्य भैरहेकोमा शिघ्र सो काम सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईदिन उक्त वोर्डसंग अनुरोध गरी यसै आर्थिक वर्ष पर्यटन गुरुयोजना निमार्णको कार्य सम्पन्न गरिनेछ ।

यस नगरपालिकाको आन्तरिक श्रोत तथा फ्रिज नहुने कार्यक्रमबाट सञ्चालित कार्यक्रमहरु कुनै कारणले यस आ.व.मा सञ्चालन हुन नसके स्वीकृत बजेट तथा कार्यक्रममा नबढने गरी नियमानुसार प्राथमिकताक्रम निर्धारण गरी क्रमिक रुपमा कार्यान्वयन गर्ने निर्णय गरिएको छ ।

यस नगरपालिकाको चालु आ.व. २०७२/०७३ को संशोधित बार्षिक कार्ययोजना तथा बार्षिक खरिद योजनाका साथै आगामी आ.व. २०७३/०७४ को लागि तयार गरिएको बार्षिक कार्य योजना तथा बार्षिक खरिद योजनालाई अक्षरस अवलम्वन गरिनेछ ।

यस कीर्तिपुर नगरपालिका कार्यालयको गत आ.व.२०७१/०७२ को अन्तिम लेखापरीक्षणका लागि नियुक्त रजिष्टर्ड अडिटरबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन पेश भई छलफत हुँदा निम्नानुसार गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरिएको छ ।

- वेरुजु नआउने गरी आर्थिक कारोवार गर्ने,
- पेश्कीमाथि पेश्की नदिने,
- दिइएको पेश्की अविलम्ब फछ्यौट गर्ने,
- प्रभावकारी रुपमा पेश्की तथा बेरुजु फछ्योट गर्न एउटा कार्यटोली नै बनाई कारवाही अगाडी बढाउने ।
- प्रशासनिक खर्चलाई सीमाबद्ध गर्ने
- आर्थिक सहायता, चन्दा, पुरस्कार र शुभकामना विज्ञापन खर्चलाई निरुत्साहित गर्ने ।

यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने घर तथा स्थायी भौतिक संरचना निमाण गर्ने एवं निर्माण सम्वन्धित अन्य कार्यका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा भएको व्यवस्था र २०७१ भाद्र १५ देखि राष्ट्रिय भवन संहिता समेत लागु गरिएकोमा र यस नगरपालिकाको वाटो तथा सम्पदा सम्वन्धी मापदण्ड २०६४ मा नेपाल सरकारवाट २०७२ वैशाख १२ को भूकम्प पश्चात मितिमा २०७२।६।१३ मा स्विकृत बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ समेतका आधारमा संशोधित कीर्तिपुर नगरपालिकाको वाटो तथा सम्पदा सम्वन्धी मापदण्ड २०६४ (प्रथम संशोधन २०७२ लाई तत्काल कडाईका साथ लागु गरिनेछ ।

नेपाल सरकारले स्थानीय निकायहरुको कार्य सम्पादनको स्तर मापन गरी त्यसका आधारमा सवै किसिमका अनुदानलाई यस संग जोड्ने नेपाल सरकारको उद्घोषकारण त्यस पद्धतिलाई ध्यानमा राखेर नगरपालिकाका समग्र क्रियाकलापहरु अगाडि वढाईनेछ । साथै संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका श्रीमान् सचिवज्यूले यस कार्यालयका कार्यकारी अधिकृतसंग गर्नु भएको कार्य सम्पादन संझौतालाई समेत शाखागत रुपमा कार्य विभाजन गरी कार्य सम्पादन गर्न तत्काल ध्यान दिईनेछ ।

नगरपालिकाको सेवा प्रवाहका विषयमा रहेको गुनासो कम गर्दै सेवाग्राही जनताको सूचनामा पहुँच वढाई पारदर्शिता अभिवृद्धिका लागि नियमित पप्रकाशनको काम अगाडि वढाईनेछ भने सार्वजनिक संचार माध्यम, सामाजिक संजालमा सूचना प्रवाह कार्यलाई अद्यावधिक र नियमित वनाईने छ । साथमा करदाता शिक्षा, उपभोक्ता शिक्षा लगायतका कार्यक्रमहरु पनि नियमित संचालन गर्ने व्यवस्था मिलाईने छ ।

पुरस्कार तथा दण्डको नीतिलाई कर्मचारी प्रशासनमा कडाईका साथ लागु गरी सेवा प्रवाहमा समेत सुधार गरिनेछ । यसै चालू आ.व.देखि शाखा प्रमुख मातहतका सवै कर्मचारीहरुको तोकिएको कार्य विवरण अद्यावधिक गरी त्यस अनुरुपको कार्य सम्पादन मापनका आधारमा पुरस्कार प्रदान गरिनेछ ।

योजना लेखा, नक्सा पास, राजश्व परिचालन तथा प्रशासनिक सेवा सम्वन्धी कार्यविधिको अभावले गर्दा सेवा प्रवाहमा भई रहेको ढिलाई र अस्पष्टताका कारण परिरहेको नकारात्मक असर हटाउन तपशिल वमोजिमका अद्यावधिक नागरिक वडापत्र, कार्यविधि तथा निर्देशिकाहरु पारीत गर्ने निर्णय गरियो ।

क) नागरिक वडा पत्र २०७२ (अद्यावधिक)

ख) वाटो तथा सम्पदा सम्वन्धी मापदण्ड २०७२ (प्रथम संशोधन)

घ) राजश्व परिचालन निर्देशिका, २०७१

ङ) आवास तथा जग्गा विकास निर्देशिका, २०७१

च) योजना संचालन कार्यविधि, २०७१

छ) लेखा संचालन कार्यविधि, २०७१

कार्यालयमा कार्यरत सवारी चालकको सेवा समूहका केहि सवारी चालकहरुलाई सेवा समूह तथा तह अन्यौल रहने गरी प्रशासन तर्फको तह कायम गरी स्विकृत गरिएको दरवन्दीमा नियुक्ती दिईएको देखिएको हुँदा त्यस विषयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त राय, निर्देशन अनुसार कार्यवाही अगाडि वढाईने छ ।

नगरपालिकाको आदेश अटेर गर्ने, नगरपालिकाको निर्णय नमान्ने, तोकिएको राजश्व, शुल्क, जरिवाना नबुझाउने व्यक्तिहरुलाई नगरपालिकावाट उपलव्ध गराउने सेवा, सुविधा रोक्का गर्ने गरी निर्माण भएको कालो सूचि सम्वन्धी निर्देशिका कडाईका साथ लागु गरिनेछ ।

साझेदारी लागत सहभागितामूलक कार्यक्रमको वजेटमा वृद्धि गरी एक करोड पुऱ्याईएको छ । पूर्वाधार निर्माणका क्षेत्र र प्रति वडा अधिकतम वजेट सीमा तय गरी लागत सहभागिता प्रतिशत तथा लाभग्राही समूह, क्षेत्रलाई समेत आधार वनाई प्रतिस्पर्धात्मक तवरले योजना छनौट एवं संचालन गर्ने नीति लिईएको छ ।

अव म यस कीर्तिपुर नगरपालिका कार्यालयको गत आर्थिक वर्षको यथार्थ खर्च, चालु आ.व. २०७२/०७३ को संशोधित अनुमान र आगामी आ.व. २०७३/०७४ को अनुमानित आय र व्यय प्रस्तुत गर्ने अनुमती माग्दछु ।

आ.व. २०७१/०७२ मा कूल आय रु. १९,१९,१५,०३४।६० भएको थियो । त्यसमा आन्तरिक ँश्रोतबाट रुं. ४,२९,९१,०९५।५५ रहेको थियो भने बाह्य श्रोतबाट रु. १४,८९,५३,९३९।०५ भएको थियो । यसै गरी व्यय तर्फ कुल रु. १९,१९,१५,०३४।६० भएको थियो ।

चालु आ.व. २०७२/०७३ को पहिलो पाँच महिना (२०७२ श्रावणदेखि मंसिर सम्म) मा आन्तरिक श्रोतबाट रुं. २,०८,४०,७५२।०१, बाह्य श्रोतबाट रु.१,४६,९६,५५०।- सहित जम्मा रु ३,५५,३७,३०२।०१ यर्थाथ आय भएको छ । यसैगरी व्ययतर्फ भने चालु खर्च रु.९०,६४,७२५।३० र पूजीगत रु ३,६१,९७३।३८ समेत कुल रु. ९४,२६,६९८।६८ भएको छ ।

आगामी आ.व.२०७३/०७४ मा आन्तरिक तर्फ रु.४,७७,२६,०००।- र वाहय तर्फ रु. १२,९४,५८,०००।- गरी कुल अनुमानित आय रु. १७,७१,८४,०००।- र व्यय अर्न्तगत चालुतर्फ रु.७,४७,६३०००।- (सा.सु.का., फोहोरमैला व्यवस्थापन, LGCDP र दमकल एम्वुलेन्स संचालन सहित) तथा पूँजीगत तर्फ रु.१०,२४,२१,०००।- समेत जम्मा रु. १७,७१,८४,०००।- व्यय हुने गरी बजेट, योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

UNDP, UN-HABITAT / CIUD, OXFAM, REDCROSS, CIWIN, LUMANTI, CORD लगायत अर्न्तराष्ट्रिय, दुई पक्षीय एवं बहुपक्षीय निकाय/ साझेदार लगायत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नुहुने सबैमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिदै सम्बृद्ध नगरपालिका बनाउन अझ बढी सहयोग र सहकार्य हुने अपेक्षा गर्दछु ।

बजेट तयार गर्न हामीलाई निरन्तर सहयोग र मार्ग दर्शन गर्नु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत सरकारी निकायहरु, नागरिक समाज, सञ्चार जगत, वडाबासी एवं वडा कार्यालयहरु, नगरपालिकाका सवै कर्मचारी मित्रहरु लगायत सम्बद्ध सबैमा आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

अन्तयमा हाम्रो निम्तालाई स्वीकार गरी उन्नाइसौ नगरपरिषदमा उपस्थित भई हामीलाई मार्गदर्शन र हौशला प्रदान गरिदिनु भएकोमा प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु लगायत उपस्थित सबैमा नगरपालिका परिवारको तर्फबाट हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत बजेट, नीति र कार्यक्रमको तयारीमा जस्तै यसको कार्यान्वयन पक्षमा पनि सबैबाट सदाझैं पर्याप्त सहयोग र सहकार्य हुने नै छ भन्ने विश्वास व्यक्त गर्दै विदा हुन्छु ।

धन्यवाद ॥

२०७२/०९/२९ गते बुधवार

उद्धव प्रसाद रिजाल
प्रमुख एवं कार्यकारी अधिकृत